मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज २ गते बिहीबार ❑ 18 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## सरकारी सम्पत्ति तत्काल फिर्ता गर्न मुख्यमन्त्री पाण्डेको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

जेनजी आन्दोलनको क्रममा गण्डकी प्रदेशमा भएको तोडफोड र आगजनीबाट प्रदेश सरकार अन्तर्गतका कयौं संरचना ध्वस्त भएका छन् ।

सरकारी निकायका कार्यालयहरूबाट सामग्रीहरु समेत चोरी भएको दाबी गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उक्त सामानहरु तत्काल फिर्ता गर्न आग्रह गर्नुभयो ।

बुधबार पनि विभिन्न मन्त्रालय, निवास र सरकारी कार्यालयहरूको निरीक्षण गर्दै उहाँले आफुले कल्पना गर्न नसक्ने गरी सरकारी कार्यालयहरुमा आगजनी, तोडफोड र चोरी भएकोले उक्त घटनामा दोषी उपर कार्वाही समेत हुनु पर्नेमा जोड दिनुभयो । मुख्यमन्त्री पाण्डेले सरकारी फर्निचर, सवारी साधन, यन्त्र, उपकरण लगायतका सामग्री चोरी भएको स्पष्ट प्रमाण भेटिएको दाबी गर्दै चोरीमा संलग्नलाई तुरुन्तै सामान फिर्ता गरी सरकारलाई सहयोग गर्न आग्रह गर्नुभयो । उक्त तोडफोड र आगजनीबाट गण्डकी विश्वविद्यालय, लोक सेवा आयोग, प्रदेश प्रमुखको कार्यालय, सभामुख र उपसभामुखको निवास, मन्त्री निवास लगायतका संरचनामा ठुलो क्षति पुगेको उहाँले उल्लेख गर्नुभयो । प्रदेश सरकारले अनुमानित रूपमा अरबौं रुपैयाँ बराबरको क्षति बेहोर्नुपरेको उहाँको भनाई छ ।

मुख्यमन्त्री पाण्डेले कार्यालय प्रमुखहरूसँगको छलफलमा सेवा प्रवाह यथाशक्य चाँडो पुनः सञ्चालन गर्न निर्देशन दिनुभयो। उहाँले भन्नुभयो, 'यो विषम परिस्थितिमा सबैको साथ, सहयोग र सहकार्य अत्यन्त आवश्यक छ ।' गण्डकी प्रदेश सरकारले यसअघि नै खर्च कटौती गर्दै कार्यालय मर्ज र कर्मचारी दरबन्दी समायोजन गरी मितव्ययी प्रशासनिक अभ्यास सुरु गरिसकेको छ। यो घटनापछि पनि बजेट कार्यान्वयनमा खर्च कटौतीलाई प्राथमिकता दिने उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले संबन्धित मन्त्रालय, निकाय र कार्यालय प्रमुखहरूलाई नयाँ योजना बनाउने निर्देशन दिनुभएको छ ।

यसैबीच, अधिकांश मन्त्रालयहरूले वैकल्पिक व्यवस्था मार्फत सेवा प्रवाहलाई निरन्तरता दिने प्रयास गरिएको मुख्यमन्त्री पाण्डेले बताउनु भयो । भौतिक संरचनाहरूको पुनःनिर्माण क्रमशः अघि बढाइने उहाँले जनाउनु भयो । गण्डकी प्रदेशको राजधानि पोखरामा प्रदेश सभा देखि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय देखि ८ वटा मन्त्रालयहरु पोखरामा रहेका छन् । प्रदेशमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, स्वास्थ्य मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय पोखरामा रहेका छन् । उक्त कार्यालयहरु प्राय सबै जसो आगजनीबाट ध्वस्त भएको अबस्थामा रहेका छन् ।

## पोखरा महानगरपालिकाले बिहीबारदेखि सेवा सञ्चालनमा ल्याउँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

जेनजी प्रदर्शनका क्रममा पोखरा महानगरपालिकाका अधिकांश कार्यालयका भवन क्षतिग्रस्त बनेपछि त्यसको वैकल्पिक व्यवस्थासहित बिहीबारदेखि सेवा सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

महानगरले यसअघि बुधबारदेखि नियमित सेवा सञ्चालनमा ल्याउने तयारी गरेको थियो । बुधबार प्रदर्शनका क्रममा ज्यान गुमाउनेहरूको सम्मानमा राष्ट्रिय शोक मनाउन देशभर सार्वजनिक बिदा घोषणा गरिएकाले बिहीबारदेखि सेवा सञ्चालनमा ल्याइने महानगरका प्रवक्ता मोती तिमल्सिनाले जानकारी दिनुभयो । प्रदर्शनका क्रममा प्रमुख प्रशासनिक भवनसहित महानगरभित्रका अधिकांश वडा कार्यालयमा क्षति पुगेको थियो । उहाँका अनुसार महानगरका ३३ वडामध्ये २० वटा वडाका भवन पूर्ण रूपमा, छ वटा वडा भवन सुरक्षित र अन्य सात वटामा आंशिक क्षति पुगेको छ। उहाँका अनुसार पूर्ण रूपमा क्षतिग्रस्त भवनको वैकल्पिक व्यवस्थापन गर्दै सेवाहरू सञ्चालनमा ल्याउन लागिएको हो । यसैबीचमा कतिपय वडाका घरघरमा पुगेर पनि महानगरबाट अत्यावश्यकीय सेवाहरू प्रदान गर्न थालिएको उहाँले जानकारी दिनुभयो ।

मुलुकको विषम परिस्थितिका बाबजुत सकेसम्म सेवा प्रवाहलाई नरोक्ने उद्देश्यका साथ महानगरको वडा नं २५ ले घरघरमा पुगेर सुरक्षा भत्ता, परिचयपत्र नवीकरणलगायत सेवा प्रदान गरिरहेको प्रवक्ता तिमल्सिनाले बताउनुभयो ।

## सबै सेवा सञ्चालन हुन अझै केही समय लाग्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

जेनजी प्रदर्शनका क्रममा तोडफोड र आगजनीका कारण क्षतिग्रस्त बनेको जिल्ला प्रशासन कार्यालय, कास्कीले कार्यालयबाट प्रवाह हुने सबै सेवा पूर्ववत् रूपमा सञ्चालनमा आउन अझै केही समय लाग्ने जनाएको छ ।

कार्यालय भवन सरसफाइ, मर्मतसम्भार, रङ्गरोगनलगायतका कार्य भइरहेकाले सेवा प्राप्तिमा धैर्य गरिदिन सेवाग्राहीमा अनुरोध गरिएको प्रमुख जिल्ला अधिकारी रूद्रादेवी शर्माले बताउनुभयो । आइतबारदेखि शान्ति सुरक्षा, मुद्दाको म्याद थप र दैनिक प्रशासनिक कार्य सञ्चालन भएको र अन्य सेवा क्रमिक रूपमा सञ्चालन गरिने उहाँको भनाइ छ। हाल दुईवटा कार्यकक्षबाट सेवा प्रवाह भइरहेको र अन्य कार्यकक्ष मर्मतको काम भइरहेको जनाइएको छ। सुरक्षाकर्मी, कर्मचारीलगायत आवश्यक जनशक्ति परिचालन गरेर कार्यालय सरसफाइ र मर्मतसम्भारको काम गरिएको हो। जनजी आन्दोलनका क्रममा यहीँ भदौ २४ गते भएको तोडफोड, आगजनी एवं लुटपाटबाट कार्यालयमा ठूलो क्षति पुगेको छ । कार्यालयको भौतिक संरचना कुरूप बनेको छ । कम्प्युटरलगायत महत्वपूर्ण उपकरणहरू जलेका तथा लुटपाट भएका छन् । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, नाबालक परिचयपत्र, संस्था दर्ता, स्थानीय प्रशासन तथा शान्ति सुरक्षालगायत सेवासम्बन्धी सम्पूर्ण अभिलेखहरू जलेर नष्ट भएको कार्यालयले जनाएको छ।

## जेनजी आन्दोलनमा ज्यान गुमाएकाहरूको सम्झनामा दीप प्रज्वलन

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

जेनजी आन्दोलनमा दिवंगत भएकाहरूको सम्झनामा बुधबार देश भरका विभिन्न ठाँउमा साँझ दीप प्रज्वलन गरिएको छ ।

यसैक्रममा पोखरा र पोखरा आसपास एवं पोखरा-३२ तल्लो गगनगौंडा चोकमा समेत दीप प्रज्वलन गरिएको पत्रकार बासु पौडेलले बताउनुभयो ।

पृथ्वी राजमार्ग अन्तर्गतको उक्त स्थानमा तल्लो गगनगौडा र आसपास क्षेत्रका स्थानीयवासीहरूले सामूहिक रुपमा उपस्थित भई दीप प्रज्वलन गरेको नेपाल रेडक्रस सोसाइटी पोखरा महानगरपालिका वडा नं ३२ का निवर्तमान सभापति किसान परियारले जानकारी दिनुभयो । जेनजी आन्दोलनका क्रममा उठाइएका



जायज मागहरूको राज्यबाट उचित सम्बोधन हुनुपर्नेमा उहाँले जोड दिनुभयो । निस्कृय पारिएको सामाजिक सञ्जाल खुलाउनुपर्ने, भ्रष्ट्राचारको अन्त्य हुनुपर्ने, जवाफदेहिता र पारदर्शिता कायम गर्नुपर्ने लगायतका माग राखी यही भदौ २३ र २४ गते देशव्यापी रुपमा भएको जेनजी आन्दोलनका क्रममा ठूलो संख्यामा युवाहरूले ज्यान गुमाउनु भएको थियो ।

आन्दोलनका क्रममा देशभर हालसम्म ७३ जनाले ज्यान गुमाइसकेका छन् भने ठूलो संख्यामा उपचाररत हुनुहुन्छ। पोखराको शहीद चोक, शहिद पार्क सहित महेन्द्रपुल, चिप्लेढुंगा, पृथ्वीचोक सहितका ठाँउमा दीप प्रज्वलन गरिएको छ।

## गण्डकीमा क्षतिको विवरण संकलनपछि सेवा प्रवाह

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

'जेनजी' प्रदर्शनीका क्रममा गण्डकी प्रदेश सरकार मातहतका मन्त्रालय, आयोग, निकाय, कार्यालय र आवासमा भएको क्षतिको प्रारम्भिक विवरण सङ्कलन गरिएको छ ।

प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, स्वास्थ्य मन्त्रालय र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाहेकका सबै मन्त्रालयका भवनमा तोडफोड र आगजनी गरिएको बताउनुभयो । "मुख्यमन्त्रीसहित को टोलीले मङ्गलबार नै प्रदेश मातहतका सबै क्षतिग्रस्त संरचनाको अवलोकन र क्षतिको प्रारम्भिक विवरण सङ्कलन गरेको छ", उहाँले भन्नुभयो, "बिहीबारसम्ममा पुनःनिर्माण गर्नुपर्ने र मर्मतसम्भार गनुपर्ने संरचनाको यथार्थ विवरण ल्याउन भौतिक मन्त्रालयलाई जिम्मेवारी तोकेका छौं।"प्रदेशसभासचिवालयबाहेक सरकार मातहतका मन्त्रालय र निकायमा गरी ४३ वटा चारपाङ्ग्रे र १०२ वटा दुईपाङ्ग्रे सवारीसाधनमा आगजनी गरी क्षति पुऱ्याइएको प्रवक्ता डा गुरुङले जानकारी दिनुभयो । प्रदर्शनकारीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित विभिन्न मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश प्रमुखको कार्यालय, प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशसभा भवनलगायतमा आगजनी र तोडफोड गरेको उहाँले बताउनुभयो ।

"कतिपय संरचना पूर्ण रुपमा ध्वस्त भएका छन्, तिनको पुनःनिर्माण गर्नुपर्छ, कतिपय मर्मतसम्भार गरेर सञ्चालन ल्याउन सकिने अवस्थामा छन्", प्रवक्ता डा गुरुङले भन्नुभयो, "आर्थिक रुपमा कति क्षति भयो भनेर यकीन


बाँकी अन्तिम पृष्ठमा ▶▶



संविधान दिवस भब्य रूपमा मनाऔं ।

◆ संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं,


◆ संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं,

◆ संविधानको महत्व बुझौं र बुझाऔं,

◆ प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर–घरमा राष्ट्रिय झण्डा फहराऔं र दीपावली गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# कोराला नाका सञ्चालनले व्यवसायी उत्साही

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ असोज

मुस्ताङको कोरला नाकाबाट नेपाल र चीनबीचको व्यापारिक गतिविधि सुरु भएपछि गण्डकी र लुम्बिनी प्रदेशमा व्यवसायको नयाँ अवसर सिर्जना भएको व्यवसायीले बताएका छन् ।

तातोपानी र रसुवा नाका अवरूद्ध भएपछि नेपाली व्यापारीहरुले कोराला नाकाबाट मुस्ताङ, म्याग्दी हुँदै राजधानी काठमाडौँमा चिनियाँ सामग्री आयात, निर्यात गर्न थालेका हुन् । विसं २०८० कात्तिक २७ गतेदेखि उपल्लो मुस्ताङका बासिन्दाका लागि मात्र सञ्चालन भएको कोराला नाका दुई वर्षपछि व्यापारिक रुपमा सञ्चालन हुन थालेको हो । भारत र चीनका सामान आयात निर्यातका साथै नेपालमा उत्पादन भएको सामान बजारीकरणका लागि कालीगण्डकी कोरिडोर र कोरला नाकाले धौलागिरि क्षेत्रमा व्यापार व्यवसायको नयाँ अवसर सिर्जना गरेको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो ।

बेनी, जोमसोम हुँदै कोराला नाकामा करिब तीन सय कन्टेनर पुगेका र थप एक हजार पाँच सय कन्टेनर दसैँको सामान लिन कोराला जाने क्रममा रहेको उहाँले बताउनुभयो । "कोराला नाका सञ्चालन हुन थालेपछि मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत र कास्कीका व्यवसायीहरु उत्साही भएका छौँ", उहाँले भन्नुभयो, "गण्डकी र लुम्बिनी प्रदेशका लागि कोरालाबाट सामान ल्याउँदा सस्तो पर्छ ।"

कोराला नाकामा रहेको भन्सार कार्यालयका अधिकृत रमेश खड्काले दसैँका लागि नेपाली व्यापारीले चीनमा किनेका सामानहरु बोकेका कन्टेनरहरु रसुवा र तातोपानी नाका बन्द भएपछि डाइभर्ट भएर कोरालामा आएका बताउनुभयो ।

समुन्द्री सतहदेखि चार हजार सात सय मिटर उचाइमा रहेको कोराला नाकामा प्रदेश सरकारले गतवर्ष बनाएको भवनमा पूर्वाधार निर्माण, इन्टरनेट र विद्युत् जडान गरेर भन्सार सञ्चालन गरिएको प्रमुख खड्काले बताउनुभयो । नाकामार्फत चीनबाट एक सय ५१ वटा विद्युतीय गाडी आयात भएका छन् । नेपालबाट भने मूर्ति, कपडा र बाँसका मुढा चीनतर्फ निकासी भएका छन् । दसैँका लागि कपडाजन्य सामान बोकेका ५५ वटा चिनियाँ कन्टेनर कोरला नाकामा आएका छन् । थप कन्टेनर आउने क्रम जारी छ । रसुवा नाका गत असार २४ गते आएको बाढी र पहिरोका कारण बन्द छ । सिन्धुपाल्चोकको कोदारीमा सडक मर्मतमा ढिलाइ हुँदा तातोपानी नाका हुँदै चीनबाट नेपालतर्फ आउने सामान करिब ४६ दिनदेखि रोकिएको छ । दसैँको मुखमा कच्चापदार्थ र तयारी सामान नपाउँदा समस्यामा परेका उद्योगी र व्यापारीहरूलाई कोराला नाका सञ्चालन भएपछि राहत मिलेको छ ।



प्रयास नेपाल र वडा नं.१३ को संयुक्त आयोजनामा मिति २०८२ भाद्र २३ र २४ गते जेनजी पुस्ताद्धारा गरिएको प्रदर्शनमा ज्यान गुमाउनु भएका सम्पूर्ण शहीदहरुको दिवंगत आत्माको सम्झनामा दीप प्रज्वलन तथा श्रद्धाञ्जली कार्यक्रम बुधबार गरिएको थियो । साथै सोही दिन श्री वालगोपाल भजन कृतन सेवा समिति र भद्रकाली ट्याक्सी ईकाई समितिले पनि दीप प्रज्वलन तथा श्रद्धाञ्जली सभा गरेका थिए । तस्वीरः पोखरापत्र

# तनहुँ प्रशासनले बिहीबारदेखि नागरिकतासम्बन्धी सेवा दिने

**पोखरापत्र संवाददाता**
तनहुँ, १ असोज

'जेनजी'प्रदर्शनपश्चात्अवरुद्ध बनेको नागरिकतासम्बन्धी काम बिहीबारदेखि सुरु हुने भएको छ ।

जिल्ला प्रशासन कार्यालयले बिहीबारदेखि नयाँ नागरिकता र प्रतिलिपि दिने काम सुरु हुने जनाएको छ ।

जेनजीको प्रदर्शनका क्रममा कार्यालयमा भएको तोडफोड तथा आगजनीबाट भौतिक संरचनासहित कार्यालय उपकरण, फर्निचर तथा अभिलेख जलेर नष्ट भएका छन् । असहज परिस्थितिमा कार्यालयबाट प्रवाह हुने सेवालाई पूर्ववत् रूपमा सञ्चालन गर्न अधिकतम प्रयास भइरहेको प्रशासकीय अधिकृत विकास श्रेष्ठले बताउनुभयो । अहिलेकको विषम परिस्थितिमा कार्यालयबाट नियमित सेवा सञ्चालन हुन केही समय लाग्ने उहाँको भनाइ छ । शान्ति, सुरक्षासम्बन्धी सेवा कार्यालयबाट नियमित रूपमा सम्पादन भइरहेको श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार आदिवासी/जनजाति, दलित, खस आर्य तथा मुस्लिम प्रमाणित तथा दुई नामथर प्रमाणितसम्बन्धी सेवा नियमित रूपमा प्रदान भइरहेको छ । राहदानीसम्बन्धी अत्यावश्यक सेवाका लागि राहदानी विभागमा सम्पर्क गरी जानकारी लिन सकिने जनाउँदै उहाँले विभागबाट विद्युतीय राहदानीका लागि आवश्यक उपकरण कार्यालयमा प्राप्त भएपश्चात् सेवा सञ्चालन गरिने उल्लेख गर्नुभयो । राष्ट्रिय परिचयपत्रसम्बन्धी अत्यावश्यक सेवाका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा सम्पर्क गरी जानकारी लिनुका साथै विभागबाट विवरण दर्ताका लागि आवश्यक पर्ने कम्प्युटरसहित उपकरण प्राप्त भएपछि नियमित सेवा सञ्चालन गरिने प्रशासन कार्यालयले जनाएको छ ।

# कक्षा १२ को मौका परीक्षा असोज ७ र ८ गतेदेखि

**रासस**
काठमाडौं, १ असोज

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को पूरक परीक्षा असोज ७ र ८ गते सञ्चालन गर्ने भएको छ ।

यसअघि भदौ २८ र २९ गते सञ्चालन गर्नेगरी तालिका सार्वजनिक गरे पनि देशको वर्तमान अवस्थाका कारण परीक्षा तालिका संशोधन गरी बोर्डले नयाँ तालिका सार्वजनिक गरेको हो । बोर्डले असोज ७ गते अनिवार्य अङ्ग्रेजी (००४१), एक विषयको मात्र परीक्षा दिने परीक्षार्थीका लागि सबै विषय र दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको सानो कोड नम्बर भएको विषय अर्थात् अनिवार्य अङ्ग्रेजी र अनिवार्य नेपाली दुवै विषयका (पूरक) परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो दिन अनिवार्य अङ्ग्रेजी (००४१) र दोस्रो दिन अनिवार्य नेपाली (००२१) को परीक्षा दिनुपर्ने तालिका सार्वजनिक गरेको छ ।

त्यसैगरी, असोज ८ दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको ठूलो कोड नम्बर भएको विषयको परीक्षा सञ्चालन हुनेछ ।

त्यस दिन अनिवार्य अङ्ग्रेजी (००४१) विषयको परीक्षा भने सञ्चालन हुने बोर्डले जनाएको छ । बोर्डले यसअघि नै परीक्षा केन्द्र निर्धारण गरिसकेको जनाएको छ ।

# जनप्रतिनिधिको परिवार हो भन्ने बहानामा हाम्रो पसिना र श्रमलाई खरानी पारियो: आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

गण्डकी प्रदेशकै सबैभन्दा ठुलो सुविधा सम्पन्न सभाहलका रूपमा स्थापित भएको पोखरा इभेण्ट सेन्टर केही दिन देखि भुत घर जस्तो भएको छ ।

जेनजी आन्दोलनको क्रममा आगजनी, तोडफोड र लुटपाट भएको दृश्य नजिकबाट न्यालनु भएको पोखरा इभेन्ट सेन्टरका प्रबन्ध सञ्चालक शिवराज आचार्यले आन्दोलनकारीहरुलाई प्रश्न गर्नु भएको छ । जनप्रतिनिधिको परिवार हो भन्ने बहानामा हाम्रो पसिना र श्रमलाई क्षणभरमै खरानी पार्नु गलत भएको उहाँले गुनासो गर्नुभयो । प्रबन्ध संचालक आचार्यले भन्नुभयो "के जनप्रतिनिधिकोपरिवारमाजन्मिनु अपराध हो ? के नियम पालना गरेर, कर तिरेर, इमानदारीपूर्वक स्वरोजगार बन्ने र अरुलाई रोजगारी दिने अधिकार हामीसँग



छैन ? हाम्रो संघर्ष, हाम्रो श्रम, हाम्रो सपना तपाईंहरुकै हो । यसलाई नष्ट गर्ने, धमिलो पानीमा माछा मार्न खोज्ने केही समूहहरूको अनैतिक कामप्रति म हृदयदेखि खेद प्रकट गर्दछु ।" इभेण्ट सेन्टरमा आगजनी हुँदा सम्पूर्ण भित्री संरचना जलेर नष्ट भएको र सबै सामग्री समेत लुटिएको उहाँले गुनासो गर्नुभयो । राष्ट्रिय अन्तराष्ट्रिय विभिन्न कार्यक्रम गर्दै अग्रिम बुकिङ लिएको सेन्टरमा हाल पर्यटन सिजनको मुखमै सुनसान भएको छ । सेन्टर हाल भत्केका पर्खाल, जलेको फलामका टुक्रा र खरानी मात्र बाँकी रहेको छ । पोखरा-३३ गैरागाउँस्थित पोखरा इभेन्ट सेन्टरका प्रबन्ध सञ्चालक आचार्यले युवा पुस्ता आन्दोलनको नाममा केही स्वार्थी समूहहरूले नियोजित रूपमा आफ्नो व्यवसाय माथि आगजनी र लुटपाट गरी करोडौँको लगानी एकाएक खरानी बनाइदिए पछि हाल उहाँ निकै विछिप्त अबस्थामा हुनुहुन्छ । आचार्यका अनुसार बैंकबाट ऋण लिएर, दशकौँको अनुभव र लगानीका आधारमा स्थापना गरिएको उक्त सेन्टरले हालसम्म सयौँलाई रोजगारी दिँदै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम आयोजना गर्दै आएको थियो। तर नियोजित रूपमा गरिएको क्षतिले उनीहरूलाई आर्थिक र भावनात्मक रूपमा ठूलो आघात पुऱ्याएको उहाँले जनाउनु भयो । "अनैतिक काम गर्नेहरूको कहिल्यै भलो हुँदैन," भन्दै उहाँले इभेन्ट सेन्टरलाई फेरि उठाउने दृढ सङ्कल्प समेत व्यक्त गर्नु भएको छ । पोखरा इभेण्ट सेन्टर केवल आफुहरुको भए पनि समग्र पोखरा र यस क्षेत्रको आवश्यकताको आधारमा स्थापना गरिएकोले अब आफुहरुले खरानी टंक्टकाउदै उच्च मनोवलका साथ छिट्टै संचालनमा ल्याउने दाबी गर्नुभयो ।

# अविरल वर्षाले निर्माणाधीन सडक भासियो

**पोखरापत्र संवाददाता**
दमौली, १ असोज



आइतबारदेखि परेको अविरल वर्षाका कारण तनहुँको शुक्लागण्डकीमा निर्माणाधीन सडक भासिएको छ । शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडादेखि शुक्लागण्डकी नगरपालिका-१२ लामागाउँ जोड्ने दुलेगौडा लामागाउँ मोटरमार्गअन्तर्गत हेल्थपोष्ट नजिक सडक भासिएको हो ।

शुक्लागण्डकी नगरपालिकाका उपप्रमुख खुमबहादुर विकका अनुसार विश्व बैंकको सहयोगमा स्तरोन्नति भइरहेको सडकखण्ड भासिएपछि नगरपालिकाले तत्काल मर्मत गर्न निर्माण कम्पनीलाई निर्देशन दिएको छ ।

निर्माण कम्पनी बानियाँ निर्माण सेवाका प्रतिनिधि श्यामानन्द गुप्तासहितको टोलीलाई नगरपालिकाले सडक स्तरोन्नतिको कामलाई गुणस्तरीय बनाउन निर्देशन दिएको छ । यो सडकमा हालसम्म ४५ प्रतिशत भौतिक प्रगति भएको छ । सडक स्तरोन्नतिका लागि २०८० साल चैत २५ गते भएको थियो । विश्व बैंकको सहयोग र नेपाल सरकारको अनुदानमा सञ्चालित सहरी शासन र पूर्वाधार परियोजना (एनयुजिआइपी)अन्तर्गत उक्त मोटरमार्गको सात दशमलव एक किलोमिटर दूरी कालोपत्रका लागि निर्माण कम्पनी बानियाँ निर्माण सेवा हेटौँडासँग सम्झौता भएको थियो । उक्त ठेक्काको रकम रु २७ करोड ३४ लाख ७९ हजार ८३४ रहेको छ । नगरपालिकाका इञ्जिनियर तारापति भट्टराईका अनुसार शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडाबाट सुरु हुने कालोपत्रले शुक्लागण्डकी नगरपालिका-८, ९ र १२ वडालाई जोड्छ । उक्त खण्डमा अस्फाल्ट प्रविधिबाट कालोपत्र हुनेछ ।

दुलेगौडास्थित बिपीचोक, हेल्थपोष्टचोक, पुल्चोक, घारी, तालबैँसी, मालेबगर हुँदै लिलाचोकसम्म कालोपत्र हुनेछ । सडकको चौडाइ १० मिटरको रहनेछ । यहाँ पाँच दशमलव पाँच मिटर कालोपत्र, कालोपत्रको दुवै छेउमा एक-एक मिटरको नाला निर्माण हुनेछ । शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडादेखि शुक्लागण्डकी नगरपालिका-१२ लामागाउँ मोटरमार्ग १४ किलोमिटर छ ।

सडक कच्ची हुँदा हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्य हुँदा सर्वसाधारणलाई आवतजावतमा समस्या हुँदै आएको छ ।

# गण्डकीमा ...

गर्न अझ केही समय लाग्छ, प्रदेश सरकारले अकल्पनीय भौतिक क्षति व्यहोर्नुपरेको छ ।" प्रदेश सरकार मातहतका मन्त्रालय र निकायबाट आइतबारदेखि नियमित सेवा सञ्चालनको तयारी भइरहेको उहाँले बताउनुभयो ।

कार्यालय भवनको सरसफाइ, रङरोगन र मर्मतसम्भारको काम भइरहेकाले तत्कालै पूर्ववत् रुपमा सेवा दिन नसकिएको प्रवक्ता डा गुरुङले बताउनुभयो ।

यसअघि क्षतिग्रस्त संरचनाको अवलोकनका क्रममा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउँदै जाने र क्षतिग्रस्त संरचनाको मर्मतसम्भार तथा पुनर्निर्माण गरिने बताउनुभयो ।

सुरक्षा निकाय र सेवाग्राही बढी आउने कार्यालयबाट तत्काल नियमित सेवा प्रवाह हुने वातावरण निर्माण गरिने उहाँको भनाइ थियो ।

जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते प्रदेश राजधानी पोखरामा रहेका तीनै तहका सरकार मातहतका अधिकांश कार्यालयमा तोडफोड र आगजनी गरिएको थियो ।

# जनमत पार्टीका पदाधिकारद्वारा अध्यक्षको राजीनामा माग

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ असोज्र

जनमत पार्टीका पदाधिकार ीसहितले अध्यक्ष पदबाट राजीनामा दिन सिके राउतलाई आग्रह गरेका छन् ।

वरिष्ठ उपाध्यक्ष अब्दुल खान, केन्द्रीय प्रवक्ता शरदसिंह यादव, जनमत युवा सङ्घका संयोजक सञ्जयकुमार यादवलगायतका ६ नेताले आज सामूहिक हस्ताक्षर गरी २४ घण्टाभित्र राजीनामा माग गरेका हुन् । जनताको भरोसा र समर्थनले पार्टीलाई राष्ट्रिय पार्टीको मान्यता दिए पनि पछिल्लो शीर्ष नेतृत्वबाट कमजोर कार्यशैली, निर्णय प्रक्रियामा पारदर्शीता अभाव तथा जनभावना विपरित गतिविधि देखिएको उनीहरुको भनाइ छ ।

अध्यक्षलाई सम्बोधन गरिएको पत्रमा भनिएको छ, "मुलुकको राजनीतिक, सामाजिक तथा प्रशासनिक प्रणालीमा व्यापक शुद्धीकरणको आवश्यकता दिन प्रतिदिन तीव्र रूपमा महसुस भइरहेका बेला जनमत पार्टीलेसमेत आत्मसमीक्षा गर्दै परिवर्तनको मार्ग अपनाउनु अत्यावश्यक भइसकेको छ ।"




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरूले भविष्यको मार्गदर्शन गर्छ । – अज्ञात

## सम्पादकीय

# रोजगारी दिनेलाई प्रतिशोध नलेऊ

भदौ २३ र २४को जेनजी आन्दोलन राज्यको दमन र आन्दोलनकारीको नियन्त्रणबाहिर पुग्दा देशभरि आगजनी र तोडफोडका घटनाहरू भए । आन्दोलनका क्रममा सरकारी संरचना मात्र नभई निजी व्यावसायिक समूहका उद्योग, व्यवसाय र निजी निवासमा समेत आगजनी र तोडफोड हुँदा व्यापक क्षति हुन पुग्यो । आगजनी र तोडफोडको प्रत्यक्ष असर उद्योगी एवं व्यवसायीलाई मात्रै परेको छैन, त्यसमा आश्रित १० हजारभन्दा बढी श्रमिकको रोजगारी गुम्ने जोखिम देखिएको छ ।

आगजानी र तोडफोडका कारण भाटभटेनी, हिल्टन होटल, ह्यात होटल, चौधरी ग्रुप लगायतका अर्बौंको लगानी भएका निजी संस्थाहरू समेत तहसनहस भएका छन् । काठमाडौंमा मात्र होइन पर्यटनको राजधानी पोखरामा होटल, अटो लगायतका व्यवसायमा ठूलो क्षति पुर्याईएको छायस्तो अवस्था देशका प्रमुख शहरमा पनि छ। हरेक ठाउँ उध्योग, प्रतिष्ठानमा काम गर्ने हजारौं श्रमिकहरूको रोजगारी गुम्ने जोखिम बढेको छ । आगजानी, तोडफोड र लुटपाटका कारण कति क्षति भयो र कतिको रोजागारी गुम्दै छ भन्ने आधिकारिक तथ्यांक आइसकेको छैन । तर, पनि ठुल्ठूला कम्पनीमा भएको क्षतिको आधारमा सरोकारवालाले तत्कालको अवस्थामा १० हजारभन्दा बढी श्रमिक घरमा बस्नुपर्ने अवस्था आएको देखाएका छन ।

भाटभटेनी सुपरमार्केटमा मात्रै ५ हजार श्रमिकको रोजगारी क्षणभरमै गुमेको छ। देशभरि रहेका साढे दुई दर्जन स्टोरमध्ये ठूला एक दर्जन स्टोर पूर्णरूपमा ध्वस्त भएका छन् । प्रदर्शनकारीले भाटभटेनीका ती स्टोरमा तोडफोडपछि लुटपाट गर्दै आगजनी गरेका थिए । जसका कारण सबै स्टोर जलेर खरानी हुन पुग्यो । होटल क्षेत्रमा समेत कम्तीमा २ हजार जनाको रोजगारी गुमेको छ । होटल एसोसिएसन नेपाल (हान) का प्रमुख कार्यकारी अधिकृत (सीईओ) टेकबहादुर महतका अनुसार होटल क्षेत्रमा करिब २ हजार जनाको रोजगारीको गुमेको आँकडा छ । होटलहरूमा भएको तोडफोडका कारण पर्यटन क्षेत्रमा समेत प्रत्यक्ष असर परेको छाअप्रत्यक्ष असर धेरै परेको छ । 'होटल क्षेत्रमा भएको तोडफोड तथा आगजानीको असर पर्यटन क्षेत्रमा समेत परेको छ,होटल नै नभएपछि नेपाल आउने पर्यटक समेत आउँदैनन् । जसले गर्दा यो क्षेत्रमा काम गर्ने श्रमिकलाई प्रत्यक्ष मार पर्ने देखिन्छ ।

प्रदर्शनकारीहरूले ट्रेड युनियनको कार्यालय समेत आगजानी तथा तोडफोड गेरर ध्वस्त गरेका छन् । कार्यालयको हिसावले करोडौंको क्षति पुगेको छ । 'रोजगारीको हिसाबले काम गर्ने थलो नै गुमेको छा'होटल रेस्ट्रेन्टहरूमा भएको तोडफोड र आगजानीका कारण पर्यटन क्षेत्र प्रभावित भएर अब त्यस्ता लाखौं रोजगारी गुम्ने स्थिति बन्छ ।' अहिले अवस्था विगतमा कोभिड-१९ तथा भूकम्प महामारी जस्ता घटनाभन्दा बढी क्षति पुगेको छा यसले अब वैदेशिक रोजगारीमा जानेको संख्या झन् बढाउने अवस्था आउनेछ ।

आन्तरिक रूपमा हेर्दा, सेवा र होटल व्यवसायमा धेरै रोजगारी गुमेको र यसले गर्दा विस्थापित मानव स्रोत कहाँ जाने भन्ने चिन्ता हुनुपर्छ । कोभिड-१९ को समयमा जस्तो नेपालले छिट्टै आत्मनिर्भर भएर पुनरुत्थान गर्न सक्ने अवस्था अहिले नभएकोले विदेशबाट नेपाल फर्किनेहरूले पनि असुरक्षित महसुस गरिरहेका छन । अहिलेको अवस्थामा नेपाली र विदेशी दुवै लगानीकर्ताहरू नेपालमा लगानी गर्न हतोत्साहित गरिएको छा देशलाई पछाडि धकेल्ने काम भएको हुँदा अब प्रतिशोध होइन सबैलाई विश्वासमा लिएर रोजगारी श्रृजना गर्ने वातावरण अहिलेको आवश्यकता हो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# संविधान दिवस मनाइँदै

**रासस**
काठमाडौं, १ असोज

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ विगतमा जस्तै यस वर्ष पनि विविध कार्यक्रम आयोजना गरी देशव्यापी रुपमा मनाइँदैछ ।

सरकारले मुलुकको परिवर्तित राजनीतक उपलब्धिको संरक्षण गर्ने मूल कानुन 'संविधान' जारी भएको दिनलाई देशव्यापी रुपमा मनाउन आह्वान गरेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा यही असोज ३ गते बिहान सैनिक मञ्च, टुँडिखेलमा दिवसको मूल कार्यक्रम आयोजना हुने गृहमन्त्रालयका सहसचिव ऋषिराम तिवारीले जानकारी दिनुभयो । समारोहलाई प्रधानमन्त्री सुशीला कार्कीले सम्बोधन गर्नुहुनेछ । अहिलेको विशेष राजनीतक परि स्थितिलाई दृष्टिगत गरी विभिन्न झाँकीलगायतका कार्यक्रम कम हुनेछन् । नेपालको संविधान घोषणाको एक दशकलाई उत्सवका रुपमा भव्यताका साथ मनाउन भनी अघिल्लो सरकारले गत भदौ ८ गते संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ मूल समारोह समिति गठन गरेको थियो । नेपाली जनताको बलिदानीपूर्ण र लामो सङ्घर्षको उपलब्धिस्वरुप संविधानसभाबाट नेपालको संविधान, २०७२ असोज ३ गते घोषणा भएको थियो ।

संविधान जारी भई एक दशक पुगेको यस विशेष अवसरमा संविधान कार्यान्वयनपछिको अवस्था, उपलब्धि, कमीकमजोरी, भेल्नुपरेका समस्यालगायतका विषयमा व्यापकरुपमा वहस, छलफल तथा अन्तरक्रिया हुने भनिएकामा धनजनको अपुरणीय क्षतिसहित परिवर्तित घटनाक्रमका कारण प्रभावित हुने अवस्था सिर्जना भएको छ । यस दिवसका अवसरमा वर्तमान संविधान निर्माणको ऐतिहासिक पृष्ठभूमि, संविधानको महत्व, संविधानमा अन्तरनिहित पक्षहरूमा केन्द्रित भई प्रदेश र स्थानीय तहहरूमा समेत कार्यक्रम आयोजना हुनेछन् ।

# एसियाडमा चार सय ३४ खेलाडीको नाम दर्ता

**रासस**
काठमाडौं, १ असोज

जापानको आइची र नागोयामा अर्को वर्ष आयोजना हुने २०औँ एसियाली खेलकुद (एसियाड) का लागि ३२ खेलका ४३४ खेलाडीको नाम दर्ता गरिएको छ ।

अन्तराष्ट्रिय मान्यता प्राप्त नेपाल ओलम्पिक कमिटी (एनओसी)द्वारा आज जारी प्रेस विज्ञप्तिमा विभिन्न ३२ खेलका १९५ महिला र २३९ पुरुष खेलाडी २०औँ एसियाडका लागि पहिलो सूचीमा दर्ता भएको उल्लेख छ । एसियाडका लागि खेलअनुसार खेलाडीको दर्ता गर्ने अन्तिम मिति सेप्टेम्बर १६ सम्म थियो । त्यसमा ओलम्पिक कमिटीले यसअघि दर्ता गरिएको खेलमा दुई खेल थप गेरर ३२ खेलको खेलाडीका नाम दर्ता गरेको एनओसीले जनाएको छ ।

यससम्बन्धी युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्लाई पटकपटक पत्राचार गर्दा मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्बाट खेलाडीको सङ्ख्याका बारेमा कुनै जानकारी प्राप्त नभएपछि पहिला दर्ता गरिएका ३० वटा खेलसँग सम्बन्धित सङ्घबाट सम्भावित खेलाडीको सङ्ख्या उपलब्ध गराएको जनाइएको छ ।

सोही अनुसार हिजो आयोजक कमिटीमा 'इन्ट्री बाई' नम्बर प्रक्रिया सम्पन्न भएको कमिटीका महासचिव राजीव श्रेष्ठद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । यसअघि ओलम्पिक कमिटीले ३० खेलको नाम दर्ता गरेको थियो । त्योबेला नाम दर्ता नभए पनि खेलाडीको नाम दर्ता गर्दा गर्दा फुटबल र तेक्वान्दोको खेलाडीको नाम पनि थप गरिएको थियो ।

एसियाडमा दर्ता गरिएको खेलमा एथलेटिक्स, आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बक्सिङ, ब्रेकिङ एण्ड डान्स स्पोर्ट्स, बेसबल एण्ड सफ्टबल, राफ्टिङ एण्ड कनोइङ, कुराँस, क्रिकेट, साइक्लिङ, इ-स्पोर्ट्स, गल्फ, हकी र जुडो छन् ।

त्यसैगरी, कबड्डी, कराते, मोडर्न पेन्टाथलन, रग्बी, स्केटिङ, स्पोर्ट्स् क्लाइम्बिङ, स्कावास, सफ्ट टेनिस, पौडी, टेनिस, टेबल टेनिस, भलिबल, भारतोलन, कुस्ती र उसु छन् । पछि थप गरेको खेलमा तेक्वान्दो र फुटबल रहेको छ ।

# म्याग्दी कारागारबाट भागेका ६२ जना कैदीबन्दी फर्किए

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ असोज

म्याग्दी कारागारबाट एक हप्ताअघि भागेका ६२ जना कैदीबन्दीलाई प्रहरीले कारागार फर्काएको छ । बेनी नगरपालिका–२ खबरामा रहेको म्याग्दी जिल्ला कारागारबाट गत भदौ २५ गते बिहान तोडफोड गरी ७६ जना कैदीबन्दी भागेका थिए ।

जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक सागर पौडेलले १४ जनाबाहेक सबै कारागार फर्काइएको जानकारी दिनुभयो । फरार कैदीबन्दीको खोजीमा प्रहरी टोली परिचालन भएको छ । काठमाडौँबाट भागेर आएका एक र कास्कीबाट आएका दुई जनालाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ । कारागारमा भएका ८८ जनामध्ये महिला बल्कमा रहेका छ जना, पुरुष बल्कका छ जना बिरामी र हिँड्न नसक्नेबाहेक सबै भागेका थिए ।

प्रहरी निरीक्षक पौडेलका अनुसार कैदीबन्दी भगाउन सहयोग गर्ने पाँच जनालाई पनि पक्राउ गरेर कारागार ऐन, २०७९ बमोजिम मुद्दा चलाइएको छ । बेनी नगरपालिका–२ खबराका २९ वर्षीय अर्जुन जिसी, २६ वर्षीय डिलबहादुर सापकोटा, बेनपा-१ का २६ वर्षीय कृष्णबहादुर मगर, २७ वर्षीय सुनील थापामगर, ३१ वर्षीय सुशन थापामगर र १९ वर्षीय अभिषेक परियार हाल प्रहरी हिरासतमा छन् ।

# पर्वतको जलजलामा 'होम डेलिभरी' शून्य

**पोखरापत्र संवाददाता**
पर्वत, १ असोज

जलजला गाउँपालिकामा घरमा प्रसूति (सुत्केरी) हुनेको सङ्ख्या शून्य भएको छ ।

घरमै बच्चा जन्माउँदा आमा र बच्चाको ज्यान खतरामा पर्नुका साथै महिलाहरूमा विभिन्न समस्याले सुत्केरीपछि सताइरहने हुँदा घरमै सुत्केरी (होम डेलिभरी) हुनेको सङ्ख्या शून्य बनाइएको हो । जलजलाका स्वास्थ्य शाखा प्रमुख गणेश मल्लले आर्थिक वर्ष २०८१/८२ मा जलजलामा एक सय ६२ जनाले संस्थागत प्रसूति सेवा लिएका बताउनुभयो । "आर्थिक वर्ष २०८०/८१ मा 'होम डेलिभरी'को सङ्ख्या एक थियो, आव २०८१/८२ मा शून्यमा झरेको छ । यसलाई निरन्तरता दिन्छौँ", उहाँले भन्नुभयो । जलजलाको मल्लाज, लेकफाँट र शालिजामा रहेका प्रसूति गृहमा १६ जना सुत्केरी भएका हुन् ।

एक सय ४६ जनाले बेनी, बागलुङ, कुश्मा, पोखरालगायत ठाउँमा पुगेर प्रसूति सेवा लिएका शाखा प्रमुख मल्लले बताउनुभयो । गत आवको सुरुदेखि नै सञ्चालन गरेको गर्भवतीलगायतलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन थालेपछि घरमा जोखिम मोलेर असुरक्षित रूपमा प्रसूति हुनेको सङ्ख्या शून्यमा झार्न सहयोग पुगेको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । जोखिमयुक्त प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी बच्चा र आमाको स्वास्थ्यमा सुधार ल्याउन 'होम डेलिभरी'लाई शून्यमा कायम राख्ने उहाँले प्रतिबद्धता जनाउनुभयो । आठपटक गर्भ जाँच र संस्थागत प्रसूति सेवालाई प्रोत्साहन, घरमा सुत्केरी हुनेको सङ्ख्या शून्यमा झार्ने, आमा तथा बच्चाको पोषणमा सुधार ल्याउन सन्देश प्रवाह गराउने उद्देश्यले जलजला गाउँपालिकाले सुत्केरीलाई घ्यू र अण्डा उपहार दिने कार्यक्रम सञ्चालन गरेको उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो ।

जलजला गाउँपालिकाअन्तर्गतका स्वास्थ्य संस्थाबाट आव २०८१/८२ मा सञ्चालन भएका कार्यक्रमको सोमबार लामाखेतस्थित गाउँपालिकाको कार्यालयमा समीक्षा भएको थियो । अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत खगराज गौतम, वडाध्यक्षहरू र स्वास्थ्य कार्यालयका प्रतिनिधिको उपस्थितिमा भएको कार्यक्रममा नौवटै स्वास्थ्य संस्थाका प्रमुखले प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

गत वर्ष गाउँपालिकाले सञ्चालन गरेको ज्येष्ठ नागरिक तथा नसर्ने रोग स्क्रिनिङ कार्यक्रममार्फत एक हजार ५०० जनाले सेवा पाएका छन् । प्रत्येक महिना स्वास्थ्यकर्मीले विद्यालयमा पुगेर स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरेका छन् । मल्लाजमा १० शय् या क्षमताको अस्पताल भवन निर्माण सकिएको र नाग्लीवाङ स्वास्थ्यचौकीको भवन निर्माण सुरु भएको छ । बाह्र वटा स्वास्थ्य संस्थामा विद्युतीय प्रणालीबाट स्वास्थ्य सेवाको अभिलेख राख्न थालिएको छ ।

एक वर्षमा छ सय ३१ जनाले एम्बुलेन्स सेवा पाएका छन् । गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक, असहाय गरिब र अपाङ्गता भएकाहरूका लागि स्वास्थ्य संस्था आवतजावत निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । स्वास्थ्य शिविरमार्फत पाँच हजार ज्येष्ठ नागरिकले सेवा पाएका छन् । जलजलामा तीन हजार ३२८ परिवारका १० हजार ३०४ जनाले स्वास्थ्य बीमा गरेका छन् ।

# नेपाली केराले नै दसैँ, तिहार र छठ धान्ने, आयात नगर्न अनुरोध

**रासस**
काठमाडौं, १ असोज



केरा व्यवसायीहरूले अहिले नेपालमा उत्पादित केराले दसैँ, तिहार र छठ धान्ने भएकाले आयात नगर्न सार्वजनिक अपिल गरेका छन् ।

नेपाल केरा उत्पादक महासङ्घ काठमाडौँका केन्द्रीय अध्यक्ष विष्णुहरि पन्तले अहिले नेपालमा केरा उत्पादन उत्साहजनक रहेको र चाडपर्वलाई नेपाली उत्पादनले पर्याप्त धान्ने भएकाले आयात नगर्न देशभरका सबै फलफूल तथा तरकारी थोक व्यवसायी सङ्घलाई अनुरोध गरिएको बताउनुभयो ।

महासङ्घले नेपालभरिकै फलफूल तथा तरकारी थोक व्यवसायी सङ्घलाई सम्बोधन गर्दै केरा आयात नगर्न पत्राचार नै गरेको उहाँले बताउनुभयो । महासङ्घले गरेको अनुरोधपत्रमा हाल नेपालमा उत्साहजनक रूपमा केरा उत्पादन भइरहेको र विद्यमान अवस्थामा नेपालको उत्पादनले नै नेपाली केरा बजारको मागले दसैँ, तिहार र छठसम्मै थेग्न सक्ने अवस्था रहँदारहँदै पनि नेपाली बजारमा विदेशी केरा निर्वाध रूपमा आयात भइरहेको उल्लेख गरेको छ । यसरी केरा आयात हुँदा नेपाली अर्थतन्त्र, वैदेशिक व्यापार घाटा, रोजगारमा प्रत्यक्ष रूपमा असर पार्नुका साथै नेपाली व्यावसायिक केरा उत्पादक किसान विस्थापित हुनसक्नेसम्म खतरा बढ्नुका साथै सबै जिल्लाका किसान आक्रोशित भई आन्दोलनमा जानसक्ने खतरा बढेको अध्यक्ष पन्तले जारी गर्नुभएको अनुरोधपत्रमा उल्लेख छ ।

अनुरोधपत्रमा भनिएको छ, "समयमै हामी सबै सङ्घसंस्था र व्यापारीले देशको विषम परिस्थितिलाई समेत मध्यनजर गर्दै यहाँले सम्बन्धित व्यापार ीसँग समन्वय तथा छलफल गरी यही असोज ६ गतेभन्दा पछाडि कुनै पनि व्यापारीलाई भारतबाट केरा आयात नगर्न वा नगराउन अनुरोध गर्दछौँ । यदि व्यापारीले बलजफ्ती आयात गरेमा नेपाली किसान वा समर्थकले पुऱ्याउन सक्ने क्षतिको जवाफदेही पनि यो महासङ्घ नहुने जानकारी तथा अनुरोध गर्दछौँ ।"

उक्त विषयमा केरा उत्पादक किसानका आठवटा समिति तथा प्रतिनिधिले संयुक्त रूपमा सूचना जारी गरेका छन् ।

चितवनस्थित केरा उत्पादक सङ्घका अध्यक्ष घनानाथ महतो, कैलालीका अध्यक्ष दीपेन्द्र थारू, कञ्चनपुरका अध्यक्ष सुरेन्द्र चौधरी, बर्दियाका अध्यक्ष टोपलाल थारू, नवलपर ासीका अध्यक्ष लक्खु विक, चितवनका पूर्वअध्यक्ष यज्ञप्रसाद सुवेदी, कैलालीका उपाध्यक्ष टेकेन्द्र धामी र केरा जोन समन्वय समिति नवलपरासीका संयोजक युवराज मौर्यसहित हस्ताक्षरित विज्ञप्तिमा केरा आयातमा रोक लगाउनसमेत माग गरिएको छ ।

# तनहुँका दुई जनामा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि

**पोखरापत्र संवाददाता**
तनहुँ, १ असोज

तनहुँमा दुई जनामा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि भएको छ ।

पछिल्लो पटक आँबुखैरेनी गाउँपालिका–१ बराडी निवासी ७१ वर्षीय पुरुषमा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि भएको हो । चितवन मेडिकल कलेजमा मङ्गलबार परीक्षण गर्दा ती पुरुषमा सङ्क्रमण पुष्टि भएको प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँका सूचना अधिकारी सुदीप कँडेलले जानकारी दिनुभयो । यसअघि गत भदौ १० गते भिमाद नगरपालिका–२ का ८० वर्षीय पुरुषमा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि भएको थियो । ती वृद्धमा जापानिज इन्सेफलाइटिस सङ्क्रमण देखिएपछि कार्यालयले रोगको सम्पर्क, परीक्षण तथा जनचेतना कार्यक्रम गरेको थियो ।

जापानिज इन्सेफलाइटिस लामखुट्टेको टोकाइबाट सर्ने र मस्तिष्कमा सङ्क्रमण हुने रोग हो । यसले सङ्क्रमितको स्नायु प्रणालीलाई अङ्भङ्ग बनाउनुका साथै बिरामीको मृत्युसमेत हुने स्वास्थ्यकर्मी बताउँछन् ।

# भष्ट्रचार विरुद्ध चारघण्टा उभिएर बिरोध प्रदर्शन

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १ असोज




चापाकोट नगरपालिका १० का दिपेश भण्डारी चारदिन देखि उभिएर विरोध जनाइरहेका छन् । मुलुकमा बढ्दो भष्ट्रचार र बेथिति बिरुद्ध भण्डारीले उभिएर सांकेतिक विरोध जनाएका हुन् ।

स्याङ्जा चापाकोट नगरपालिकाको सुन्तलीटार स्थित सडक छेउमा राष्ट्रिय भण्डा काँधमा बोकेर दुई ओटा प्लेकार्ड बोकेर उनी चारदिन देखी बिरोधमा छन् । भदौ २९ गते आइतबारबाट दिउँसो २ बजेदेखी बेलुका ६ बजेसम्म चारघण्टा उनले भष्ट्रचार र बेथितिको अन्त्यको माग गर्दै उनले आन्दोलन शुरु गरेका हुन् ।

भण्डारीले बोकेका प्लेकार्डमा 'देश बेच्ने पार्टी खारेज गर' र 'भष्ट्रचारीलाई मुण्डन गरी देश निकाला गर' भन्ने नारा लेखिएका छन् । २८ बर्षिय भण्डारी हालसालै 'जेन जी' ले गरेको आन्दोलनका समर्थक समेत हुन् । 'जेन जी' ले उठाएका मागहरु ओभेलमा परेको समेत भण्डारीले बताएका छन् । प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री बनाउनुपर्ने माग हामीले राखेका थियौं उनले भने,'अन्तरिम सरकारले फागुनमा गराउने निर्वाचनमा यो हुने सम्भावना देखिन ।' तत्काल संविधान संशोधन गरेर प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको निर्वाचन गराउनुपर्ने प्रक्रिया अगाडी बढाउनु पर्छ उनले भने ।

देशभरी मौलाएको भष्ट्रचार सगै आफ्नै नगरमा भएको भष्ट्रचार बिरुद्ध आफ्नो आन्दोलन शुरु भएको भण्डारीको भनाई छ । लोकतान्त्रिक निर्वाचन, वडातहसम्म जनताको अधिकार, जनताले चाहेको मागलाई संबोधन, माटो परिक्षण गरी बिषादीयुक्त कृषि उत्पादन सहित पर्यावरण जोगाउने लगायतका मागहरु उनले उठाएका छन् । पहिलो चरण चारघण्टा उभिएर सांकेतिक आन्दोलन शुरु गरेको बताउदै भण्डारीले अन्तरिम सरकारले 'जेन जी'का माग पुरा नभएमा आमरण अनसन सम्म बस्ने संकेत गरे । पुराना पार्टीले सुशासन कायम गर्न नसकेको र भष्ट्रचारलाई संस्थागत गरेकाले हाम्रो पुस्ताले आन्दोलन गर्नु परेको भण्डारीले बताए । मैले गरेको सांकेतिक आन्दोलनले भष्ट्रचारबिरुद्धको जनचेतना जगाउने पनि लक्ष्य रहेको उनले बताए ।

भण्डारी एक्लै सडक छेउमा उभिएर बिरोध जनाएकोमा स्थानीयको समेत साथ रहेको बताइएको छ । एकजना युवाले भष्ट्रचार र सुशासन बिरुद्ध गरेको सांकेतिक बिरोधलाई सबैले साथ दिनुपर्ने स्थानीयले बताएका छन् । भदौं २३ र २४ गते देशभर भएको 'जेन जी' को आन्दोलनले स्याङ्जामा सामान्य क्षती भएको थियो । अन्य जिल्लाको क्षतीको तुलनामा स्याङ्जामा 'जेन जी' ले खेलेको भुमिका राम्रो भएकै कारण जोगिन पुगेको बताइएको छ । क्षती गरेर मात्रै आन्दोलन सफल नहुने भन्दै यस्तै सांकेतिक बिरोधले पनि हरेक मागलाई सम्बोधन गर्न सहज हुने स्याङ्जावासीले बताएका छन् ।

# निर्वाचन, सुशासन र न्यायिक छानबिन सरकारको मुख्य दायित्वः नागरिक अगुवा

**रासस**
काठमाडौं, १ असोज

नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले आफूलाई प्राप्त कार्यादेशअनुसार निर्वाचनलाई केन्द्रमा राखेर काम सुरु गरिसक्नुभएको छ ।

गत भदौ २३ र २४ गते भएको जेनजी समूहको प्रदर्शन र त्यसबाट उत्पन्न परिस्थितिमा गठित कार्की नेतृत्वको अन्तरिम सरकारको काँधमा शान्तिसुरक्षा कायम गर्दै प्रदर्शनका क्रममा भएको जनधनको क्षतिको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने अर्को महत्वपूर्ण दायित्व पनि छ । त्यसो त प्रदर्शनका क्रममा उठाइएको भ्रष्टाचारको अन्त्य, सुशासन कायम र युवापुस्ताको सोचलाई राज्यका अङ्गमा प्रतिबिम्वित गरेको अनुभूति पनि यो सरकारले दिलाउनुपर्नेछ । जेनजी समूहको प्रदर्शनपछि उत्पन्न परिस्थितिका कारण तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुभएपछि राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई गत भदौ २७ गते प्रधानमन्त्रीमा पदमा नियुक्त गर्नुभएको थियो । सोही दिन प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गर्नुभएको थियो । मिति घोषणासँगै निर्वाचन आयोगले प्रारम्भिक तयारीका काम सुरु गरेको छ भने प्रधानमन्त्री कार्कीले आफू नेतृत्वमा चार सदस्यीय मन्त्रिपरिषद् विस्तार पनि गरिसक्नुभएको छ । जसअनुसार हाल अर्थ मन्त्रालयको जिम्मेवारी पूर्वअर्थसचिव रामेश्वर खनाले पाउनुभएको छ भने नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँगै भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ । साथै गृहमन्त्रालयको जिम्मेवारी अधिवक्ता ओमप्रकाश अर्यालले सम्हालिसक्नुभएको छ । नागरिक क्षेत्रका अगुवा एवं बुद्धिजीवीले सरकारका आगामी प्राथमिकता र प्राप्त कार्यभारबारे मूलतः तिनै कुराहरुलाई जोड दिनुभएको छ । उहाँहरुले जेनजी समूहले शान्तिपूर्ण रुपका गरेको प्रदर्शनमा कसरी घुसपैठ भयो र कसरी जनधनको क्षति भयो भन्ने निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग पनि गर्नुभएको छ । त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति शिक्षाविद् प्रा केदारभक्त माथेमाले नयाँ सरकारको मुख्य जिम्मेवारी आगामी फागुन २१ मा चुनाव सम्पन्न गराउनुरहेको बताउनुभयो । "सरकारले दैनिक प्रशासनिक काम त गर्नैपर्छ, किसानलाई मलदेखि जनतालाई नुनसम्म उपलब्ध गराउनुपर्ने कामको जिम्मेवारी पनि छ", उहाँले भन्नुभयो, "त्यसबाहेक प्रदर्शनका क्रममा ध्वस्त भएका संरचनाको पुनःनिर्माणका लागि स्रोत जुटाउन वैदेशिक समुदायलाई आग्रह गर्नुपर्छ ।" उहाँले सरकारले मानवीय र भौतिक क्षतिप्रति निष्पक्ष न्यायिक आयोग बनाएर छानबिन गरेर दोषीलाई कारबाही गर्नुपर्ने पनि बताउनुभयो । "विगतमा यस्ता आयोग गठन भए पनि कारबाही नभएको अवस्था थियो, अहिलेको घटनामा केही फुटेज पनि बाहिर आएकाले कारबाही गर्न सजिलो छ", उहाँले भन्नुभयो र उहाँले भ्रष्टाचार अन्त्य र सुशासन जेनजीहरुको ठूलो मुद्दा भएकाले यसमा पनि वर्तमान सरकारले काम गर्नुपर्ने भएकाले नयाँ सरकारको टेबलभरी काम नै काम भएको बताउनुभयो । शिक्षाविद् माथेमाले पछिल्लो परिस्थितिपछि मानिसमा एकप्रकारको निराशा र त्रास छ बढेको उल्लेख गर्नुभयो । "सिंहदरबार, सर्वोच्च अदालत जलेका छन्, मानिसमा शान्ति र सुव्यस्थाका सम्बन्धमा प्रश्न उठेको छ, शान्ति सुव्यवस्थालाई ठीक ठाउँमा ल्याउन प्रहरीको मनोबल बढाउनुपर्छ । उनीहरुको काम गर्ने, बस्ने खाने ठाउँ नै छैन ।

त्यसकारण मनोबल बढाएर काम गर्ने वातावरण बनाउनुपर्छ", उहाँले भन्नुभयो । बुद्धिजीवी मल्ल के सुन्दर पनि यो सरकारको मूल दायित्व तोकिएको समयमा निर्वाचन गराउनु भएको भन्नुहुन्छ । युवाको आन्दोलनका क्रममा उठेको आवाज भ्रष्टाचारविरुद्ध सुशासनका कुरालाई सरकारले छाड्न नहुनेमा जोड दिँदै उहाँले मानवीय र भौतिक क्षतिमाथिको छानबिनलाई प्रधानमन्त्री कार्की र मन्त्रिपरिषद् प्रतिबद्ध देखिएकाले त्यसअनुसार काम हुनेमा विश्वास व्यक्त गर्नुभयो । राजदीतिक दलसँग आबद्ध नभएका सक्षम, अनुभवी, जेनजीका प्रतिनिधि र स्वतन्त्र व्यक्तिलाई समेटेर समावेशीताका आधारमा सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने प्रधानमन्त्री कार्कीको घोषणालाई उहाँले सकारात्मक रुपमा लिनुपर्ने बताउनुहुन्छ। साथै राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य मोहना अन्सारी भ्रष्टाचारको अन्त्य र विधिको शासनको मुद्दाका आधारमा जेनजी समूहको प्रदर्शनबाट सरकार स्थापित भएकाले त्यो मुद्दा यसको मुख्य प्राथमिकता भएको बताउनुभयो । "मुलुकमा भ्रष्टाचार नियन्त्रण हुनुपर्छ । युवापुस्ताको भविष्य सुनिश्चित हुनुपर्छ । उनीहरुले स्वदेशमै अवसर पाउनुपर्छ । विदेश जान बाध्य हुने अवस्था अन्त्य हुनुपर्छ", अधिकारकर्मी अन्सारीले भन्नुभयो, "यो सरकारले भ्रष्टाचार नियन्त्रणका लागि स्पष्ट कार्यादेशसहितको बेग्लै र अधिकारसम्पन्न आयोग गठन गर्नुपर्छ ।" उहाँले निर्वाचनका लागि राजनीतिक दल र सरोकार भएका पक्षसँग नियमित छलफल र परामर्श गरी निर्वाचनको वातावरण बनाउन पनि सरकार लाग्नुपर्ने बताउँदै उहाँले जोखिममा परेको शान्तिसुरक्षाको अवस्थालाई सामान्यीकरण गर्दै लानुपर्नेमा पनि जोड दिनुभयो । ठूलो सङ्ख्यामा कैदीबन्दीहरु कारागारबाट फरार रहेकाले त्यसले समाजमा असुरक्षा निम्त्याउनसक्ने खतरालाई सम्बोधनको सन्देश दिने र सुरक्षाकर्मीको मनोबल उच्च बनाउने काम गर्न पनि सुझाव दिनुभयो । यस्तै व्यापार व्यवसाय र लगानीकर्ताको मनोबल वृद्धि गरी वातारण निर्माण गर्न आग्रह गर्दै उहाँले निर्वाचन सहज रुपमा सम्पन्न गर्न प्रहरी र सम्बन्धित सबैको मनोबल बढाइ मानव अधिकार र विधिको शासन कायम गर्न पनि उहाँको आग्रह छ ।


# वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वालिङ, स्याङ्जा
## गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी प्रकाशित सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०६।०२ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क र यस वालिङ नगरपालिकाको आन्तरिक आय संकलन तथा आय ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यविधि, २०७७ को व्यवस्था बमोजिम नगरसभाबाट स्वीकृत भए बमोजिम तपसिलमा उल्लेखित नदी/खोलाहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी वालिङ नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | ठेक्का नाम (विवरण) | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (अग्रिम आयकर र मु.अ.कर) बाहेक रु. | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | भिरकोट नगरपालिकाको सीमाना ओढारेदेखि सुर्कौदी पुलको मापदण्डसम्म वालिङ न.पा. वडा नं १/६/९ र ११ | २०,६६० | ५१,०३,२८६/- | कबोल अंकको २.७५ प्रतिशत | ३०००।०० |
| २ | २/२०८२/०८३ | सुर्कौदी पुलको मापदण्डदेखि गल्याङ नगरपालिकाको सिमाना सम्म वालिङ न.पा. वडा नं. ८/९/१० र १३ | १५,६२० | ३८,५८,३४१/- | कबोल अंकको २.७५ प्रतिशत | ३०००।०० |

**शर्तहरुः**

१. फर्मको हकमा आ.व. २०८२।०८३ को लागि नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाल बैंक लि.,वालिङ शाखामा रहेको यस कार्यालयको Office Account No.sutrarevenue.fcgo.gov.np मा जम्मा गरेको बैक भौचर वा राजस्व शाखामा नगदै रु.३०००/- तिरेको रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको १२:०० बजे भित्र बैंक जम्मा गरेको बैंक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको www.bolpatra.gov.np (विद्युतीय माध्यम तथा हार्डकपी) द्वारा बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ । आफूले बोलकबोल गरेको अंकको २.७५ प्रतिशत हुन आउने धरौटी वापतको रकम यस कार्यालयको नेपाल बैंक लि., वालिङ शाखामा रहेको धरौटी खाता नं. ०८३०३००००३००००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौंचर वा ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत १२० दिनको म्याद भएको विड बण्ड पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३०औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय माध्यमद्धारा दर्ता गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन् र रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको २ बजेदेखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन् । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. प्रि विड बैठक यो सूचना प्रकाशित मितिले ७ दिन दिनको २ बजे वालिङ नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन् । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउन पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा २०८३ साल जेष्ठ १५ गते सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्ट बन्ड) समेत पेश गरी पट्टा उठाउन पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक सो वा शूल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम र १.५ प्रतिशत अग्रिम आयकर समेत यस कार्यालयमा बुझाउन पर्नेछ । नियमानुसार नेपाल सरकारलाई अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन पर्नेछ ।

७. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस वालिङ नगरपालिका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

**८. बोलपत्र फारम खरिद/दर्ता गर्ने समयः**

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः २०८२।०६।३१ कार्यालय समयभित्र | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०८२।०६।३१ गते, समयः दिँउसो १२:०० बजेभित्र | बोलपत्र खोल्ने मिति २०८२।०६।३१ गते समयः दिँउसो २:०० बजे |